'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १८० | सोमवार १२ फागुन, २०८१ | 24 (Monday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## कोहलपुरमा फुटबलको महाकुम्भ:

# तेस्रो मुख्यमन्त्री गोल्डकप २०८१ फागुन १७ देखि

सरला सुवेदी

कोहलपुर, फागुन/११



कोहलपुरमा तेस्रो मुख्यमन्त्री गोल्डकप २०८१ फुटबल प्रतियोगिता भव्य रूपमा आयोजना गरिने भएको छ। फागुन १७ देखि २४ गते सम्म कोहलपुरको तेह्र बिघा खेलमैदानमा सञ्चालन हुने यो प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीहरूले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको आयोजना कोहलपुर रेसिङ्ग सहारा क्लबले गरेको हो। पत्रकार सम्मेलनमार्फत क्लबले प्रतियोगिता स्थानीय पर्यटन र खेलकुद पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको जानकारी गराएको छ। खेल संयोजक कर्ण बस्नेतका अनुसार खेलाडी तथा अफिसियलहरूको लागि बाँकेका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू साथै बर्दिया राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमणको प्याकेज पनि तयार गरिएको छ। प्रतियोगिताको सफल सञ्चालनका लागि कोहलपुर नगरपालिकाले आर्थिक सहयोग प्रदान गरेको प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरीले जानकारी दिनुभयो। प्रतियोगितामा घाना र भारत सहित कुल आठ टोलीहरूको सहभागिता रहनेछ। सहभागी टोलीहरूमा घानाको अफ्रिकन राष्ट्र फुटबल क्लब, भारतको साहारा फुटबल क्लब, प्लानिङ्ग ब्वाइज युनाइटेड क्लब काठमाडौँ, लुम्बिनी फुटबल एकेडेमी घोराही, काक्रेबिहार फुटबल क्लब सुर्खेत, राइजिङ्ग स्टार फुटबल क्लब नवलपरासी, राइनो फुटबल क्लब गण्डकी प्रदेश, र आयोजक कोहलपुर रेसिङ्ग सहारा क्लब बाँके रहेका छन्। प्रतियोगितामा खेलाडीहरूलाई विशेष सम्मान तथा पुरस्कार प्रदान गरिनेछ। प्रथम स्थान प्राप्त टोलीलाई ८ लाख रुपैयाँ, दोस्रो स्थानलाई ४ लाख रुपैयाँ प्रदान गरिनेछ। म्यान अफ द टुर्नामिन्टलाई ५१ हजार रुपैयाँ दिइनेछ भने बेस्ट कोच, गोलकीपर, राइजिङ स्टार, डिफेन्डर, फर्वाडलाई जनही १० हजार रुपैयाँ दिइनेछ। हरेक खेलको म्यान अफ द म्याचले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। प्रतियोगिताका लागि जर्सी सार्वजनिक गरिएको छ। जर्सी सार्वजनिक कार्यक्रममा क्लबका अध्यक्ष चक्र चिमला क्षेत्री, एन्फाका केन्द्रीय सदस्य भोजराज शाही, र कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरीको उपस्थिति रहेको थियो। प्रतियोगिता सम्पन्न गर्न कूल ९१ लाख २६ हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। आर्थिक समिति संयोजक चेतकान्त भट्टराईका अनुसार आवश्यक बजेट व्यवस्थापनका लागि विभिन्न स्रोतहरू परिचालन गरिनेछ। पत्रकार सम्मेलनमा प्रेस संयोजक विष्णु वेल्लवासेले प्रतियोगिताले बाँकेको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले आम सञ्चारकर्मीहरूलाई प्रतियोगिता सफल बनाउन आफ्ना कलमको माध्यमबाट सहयोग गर्न आग्रह गर्नुभयो। 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ कोहलपुरमा तेस्रो मुख्यमन्त्री गोल्डकप २०८१ सञ्चालन गरिँदैछ। आयोजक क्लब तथा स्थानीय प्रशासन प्रतियोगितालाई ऐतिहासिक बनाउन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाएका छन्।

## उपमेयर कप छात्रा क्रिकेट

# ज्ञानज्योति, लक्ष्मी मावि र गोरखा सेमिफाइनल प्रवेश

नमस्ते समचारदाता

कोहलपुर, फागुन/११



कोहलपुरमा जारी ७ औँ उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता-२०८१ को सेमिफाइनल प्रवेश गर्ने चार वटा विद्यालय रहेका छन्। पाँचौँ दिन आइतबार ज्ञानज्योति मावि, लक्ष्मी मावि र गोरखा युनाइटेड पब्लिक स्कुल सेमिफाइनल प्रवेश गरेका हुन्। ज्ञानज्योति माविले सगरमाथा ज्ञानकुञ्ज माविलाई, लक्ष्मी माविले बागेश्वरीलाई र गोरखा युनाइटेड पब्लिक स्कुलले त्रिभुवन माविलाई हराएको हो। पाँचौ दिनको पहिलो खेल कोहलपुर स्थित प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी प्रतियोगितामा सगरमाथा ज्ञानकुञ्ज माविले टस जितेर पहिला बलिङ रोजेको थियो। ब्याटिङको निम्तो पाएको ज्ञानज्योति माविले निर्धारित १२ ओभरमा ४ विकेट गुमाउँदै ८४ रन बनाएको थियो। विद्यालयका लागि जयन्ती चन्दले सार्वधिक ४६ रन र आशा ओलीले ७ बनाएकी थिइन्। ज्ञानज्योति माविले दिएको ८५ रनको लक्ष्य पछ्याउँदै सरमाथा ज्ञानकुञ्ज माविले निर्धातिर १२ ओभरमा ५ विकेट गुमाउँदै ७८ रहनमा समेटिएको हो। विद्यालयका लागि सुजता परियाले २० रन र जीवनीले १७ रन बनाएकी थिइन्। ज्ञानज्योति माविले दिएको लक्ष्य पुरा गर्न नसक्दा सगरमाथा ज्ञानकुञ्जले ६ रनले पराजित भएको हो। ज्ञानज्योति माविकी जयन्ती चन्दले २ विकेट र सार्बधिक ४६ रब बनाउँदै विद्यालयलाई विजयी बनाउन विशेष योदान दिएकी थिइन्। उक्त खेलको प्लेयर अफ द म्याच समेत चन्द बनेकी थिइन्। पाँचौ दिनको दोस्रो खेल बागेश्वरी मावि र लक्ष्मी मावि बीच भएको थियो। टस जितेर लक्ष्मी माविले बटिङ रोज्यो। लक्ष्मी माविले निर्धारित १५ ओभरमा ५ विकेट गुमाउँदै ७२ रनको लक्ष्य बागेश्वरी माविलाई दिएको थियो। लक्ष्मी माविले दिएको ७२ रनको लक्ष्य पछ्याउँदै बागेश्वरी माविले १४ ओभरमा अलआउट हुदै ६३ रन मात्रै बनाउन सक्यो। लक्ष्मी माविले ९ रनले हराउदै सेमिफाइनल प्रवेश गरेको हो। बागेश्वरी मावि कृतिमा चौधरीले ३ विकेट लिदै प्लेयर अफ द म्याच बनेकी थिइन्। यस्तै तेस्रो खेलमा त्रिभुवन नमुना मावि र गोरखा युनाइटेड पब्लिक स्कुलबिच भएको थियो। त्रिभुवन नमुना माविले टस जितेर पहिले ब्याटिङ राजेको थियो। त्रिभुवन नमुना माविले ११.१ ओभरमा अलआउट हुदैँ गोरखालाई ४४ रनको झिनो लक्ष्य दिएको थियो। ४४ नरको लक्ष्य पछ्याएको गोरखा युनाइटेड पब्लिक स्कुलले ५ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य पुरा गरेको हो। यो सँगै गोरखा सेमिफाइनल पुगेको छ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

# जुम्लाका ६० वटै वडा सडक सञ्जालसँग जोडियो

नमस्ते समचारदाता

जुम्ला, फागुन/११




जुम्लाका ६० वटै वडा सडक सञ्जालसँग जोडिएको छ। यहाँ आठ स्थानीय तह छन्। यी स्थानीय तहका ६० वटै वडाहरूमा यातायात पुगेको हो। ६० वडामध्ये तिला गाउँपालिका-६, ७, ८ र ९ वडामा जोड्ने सडक तिला गाउँपालिका-१ रारामा तिला नदीमाथि मोटरेबल पक्की पुल निर्माण भएपछि यहाँका दुर्गम भेगमा पर्ने गाउँबस्ती लामो समयपछि राष्ट्रिय सडक सञ्जालमा जोडिएको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिए। यहाँका सबै वडापालिकासम्म कच्ची (अफरोड) सडक निर्माण भएपछि सार्वजनिक यातायात सेवा सञ्चालन हुन थालेका छन्। यसअघि यहाँको सदरमुकाम खलङ्गा हुँदै कर्णाली राजमार्ग जुम्ला-नाग्म सडकखण्ड र नाग्म-गमगढी मूल सडकमा मात्रै सार्वजनिक सवारीसाधन सञ्चालन हुने गरेका थिए। अब यहाँका ग्रामीण सडकमा (अफरोड) पनि सार्वजनिक यातायातका साधन सञ्चालन गर्न थालिएको गाउँपालिका अध्यक्ष रोकायाको भनाइ छ। जुम्लामा रहेको नमस्ते हिमचितुवा यातायात प्रालिले यहाँका मुकाम खलङ्गा हुँदै पालिकाको ग्रामीण भेगमा पर्ने कुडारीको डुग्रीसम्म सार्वजनिक यातायात सेवा सञ्चालन गर्न थालेको हिमचितुवा यातयात प्रालिले जनाएको छ। सोही यातायातले खलङ्गाबाट रारालिहि, रारालिहिबाट मानेचौर, राँसा मालापानीसम्म सार्वजनिक यातायात सेवा सञ्चालन गर्न थालेको हिमचितुवा यातयातले जनाएको छ।

# आफ्नै काम बिर्सिए सांसदले

रामनारायण विडारी



रामनारायण विडारी



**राजतन्त्रमा एक्लो राजा रिझाउने व्यवस्था थियो। गणतन्त्रमा नेता रिझाउने जस्तो भयो। गणतन्त्रमा संसद् प्रभावकारी हुनुपर्नेमा यो औपचारिकतामा सीमित हुँदै गयो। सरकारलाई पार्टीले हाँक्ने कि संसद्ले ? यही कुराको निक्र्योल नभएर नै देश विकासमा अलमल परेको छ।**

हाम्रो देश सप्रिएन, हाम्रा वरिपरिका देशसमेत सप्रिए। हामीलाई चाहिने सबै वस्तु वा चिज हामीले उत्पादन वा निर्माण नगर्ने भयौँ। हाम्रा युवालाई हामीले काम पनि दिन सकेनौँ। अरू देशमा ज्याला गर्न पठायौँ। यस्तो किन भएको होला ? हाम्रो देशमा लाग्ने घाम दोषी ? हाम्रो देशमा बग्ने हावा दोषी ? हाम्रो देशको पानी दोषी ? कि हाम्रा पुर्खाको रगत दोषी ? यी कोही दोषी होइनन्। पञ्चायत वा राजतन्त्रकालमा व्यवस्था दोषी भनेर पन्छिन पाइयो। विसं २०६३ बाट त त्यो भन्न पनि पाइएन। करिब १५ वर्ष हुन लाग्यो गणतन्त्र आएको पनि। किन देश आत्मानिर्भर हुने बाटोमा जान सकेन ? किन विदेशी ऋण मुक्त देश हुने पथ समात्न सकेन ? राष्ट्रसेवकलाई तलब भत्तासमेत आफ्नो आम्दानीले पुर्‍याउन नसक्ने किन भयो ? रोग लाग्छ विदेशीलाई हात थाप्ने, भोक लाग्छ उसैलाई गुहार्ने, पढाइ गर्नु परेमा विदेशीको गोडा समाउने, निर्माण विकासमा त सधैँ उसैको गुलामी नै बन्ने गरेको पाइयो। यसको कारण के रहेछ ? यो कुन रोग रहेछ ? रोग पत्ता नलगाई उपचार त गर्न सकिँदैन। त्यसैले रोगको पहिचानमा भौँतारिरहेको छु। विकसित देशमा लाग्ने घाम, वहने हावा, पानी सबै उही हो। किन यो देश गरिब भयो ? यो संसद्को विषयवस्तु बन्न सकेन। सङ्घीय संसद्को मुख्य काम हो कानुन, सरकार र बजेट बनाउने। अर्को सहायक काम हो सरकार, कानुन, बजेट कार्यान्वयनको अनुगमन गर्ने। सङ्घीय संसद्ले सरकार बनाउने हो वा प्रधानमन्त्री चयन गर्ने हो। त्यो सरकारका प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संसद्प्रति उत्तरदायी हुने व्यवस्था संविधानको धारा ७६ मा गरिएको छ। मन्त्रीहरू आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा संसद्प्रति उत्तरदायी हुने छन् भन्ने संवैधानिक व्यवस्था छ। संसद्ले यो काम प्रभावकारी रूपमा गरिरहेको छ त ? यो कामलाई कति प्राथमिकता दिएको छ ? के मन्त्रीले आफ्नो जवाफदेहिता संसद्प्रति भएको हेक्का राखेका छन् ? फसाद यही छ। राजतन्त्रमा एक्लो राजा रिझाउने व्यवस्था थियो। गणतन्त्रमा नेता रिझाउने जस्तो भयो। गणतन्त्रमा संसद् प्रभावकारी हुनुपर्नेमा यो औपचारिकतामा सीमित हुँदै गयो। सरकारलाई पार्टीले हाँक्ने कि संसद्ले ? यही कुराको निर्क्योल नभएर नै देश विकासमा अलमल परेको छ। सरकार बनाउन पनि संसद् कति प्रभावकारी छ ? बनाएको सरकार हाँक्न कति जागरुक छ ? संविधानले अधिकार दियो। दलहरूले यो कार्यान्वयनमा कति अभ्यास गरेका छन् ? संसद्मा संसदीय दल किन बनाएको ? यसको छुट्टै विधान किन चाहियो ? यसको छुट्टै नियमावली किन चाहियो ? यसको कारण हो सरकारको नियन्त्रण यही संसदीय दलबाट हुनुपर्ने हो तर यसको प्रभावकारिता कुनै दलमा छैन। संसदीय दलमा राजनीतिक पार्टीको इजाजतबाट जितेका सांसद हुन्छन्। यिनीहरूले सरकार चलाउने जिम्मा पाएका हुन्। देशको अरू राजनीतिका विषय राजनीतिक दलले निर्णय गर्छ तर सरकारको नियन्त्रण संसदीय दलले गर्छ। यो सिद्धान्त लागु हुन सकेको छैन। संसदीय दलको न राम्रोसँग बैठक बस्छ न त विषयवस्तुमा छलफल हुन्छ। के के विषयमा ह्विप लाग्छ ? त्यो कसरी लगाइन्छ ? यसबारेमा कुनै दलमा विचार विमर्श भएको देखिँदैन। यही नै खास रोग वा समस्या हो। बजेट बनाउने कार्यमा संसद् कति क्रियाशील छ ? सरकार भन्छ र उसको मनमा भित्रसम्म गढेको कुरा के छ भने सरकारले ल्याएको बजेट एक रुपियाँ पनि फेरबदल हुनु हुँदैन। फेरबदल भए सरकार असफल हुन्छ ? यो सोच नै पुरानो छ। अहिलेको आधुनिक संसदीय व्यवस्थामा यो पुरानो सोच त्याग्नु पर्छ। बजेटमा महिनौँ लगाएर संसद्मा छलफल हुन्छ। करोडौँ करोड त्यो छलफलमा खर्च हुन्छ। महत्वपूर्ण सुझाव आउँछन्। प्रस्ताव आउँछन्। विपक्षी दल पनि उही पुरानै ढाँचाको एक रुपियाँ खर्च कटौती गरियोस् भनेर विरोध मात्र गर्दै बसेको पाइन्छ। बजेट सरकारले पेस गरेको नै हुबहु पारित गर्न ह्विप जारी हुन्छ। अब त्यो छलफलको के अर्थ ? ब्रिटेन र उसका मतियार देशमा आजकल सरकारले संसद्को कुरा सुनेर बजेट संशोधन गर्न थालिसकेको छ। हामी उही दुई सय वर्ष अगाडिका कुरा गर्छौं। अर्को समस्या यही हो। कानुन जनताका लागि हो। यो कानुन देशभित्रका सबैलाई समान रूपले लागु हुन्छ। यो विशेष नीतिगत कुरा हो। यो कानुन बनाउने जिम्मा संसदीय प्रणालीमा संसद् वा पार्लियामेन्टलाई मात्र हुन्छ। अरूले कानुन बनाउन पाइँदैन। देशको विकास निर्माण अरू निकायले गरे पनि हुन्छ। विकास निर्माणको जिम्मा तिनै तहका कार्यपालिकालाई संविधानले दिएको छ। विवाद निरूपण वा कानुनको व्याख्या न्यायपालिकाले मात्र गर्न सक्छ। कानुन बनाउने काम संसद्बाहेक अरूले सक्दैनन्। यो मुख्य काममा संसद्ले कति प्राथमिकता दिइरहेको छ, यही विषयमा यहाँ चर्चा गर्दै छु। अर्को खास समस्या यो पनि हो। संविधानको संशोधन गर्ने निकाय संसद् हो। नेपालको संसद्ले जनभावना हेरेर आवश्यकता देखेर संविधान संशोधन गर्छ। यो अधिकार अरूलाई छैन। संसद्मा संविधान अक्षरशः पालना गर्न सत्तामा बस्नेले नै बारम्बार बाधा दिएको देखिन्छ। संसद् नियमावलीले संविधानको प्रावधानलाई थपघट गरिदिएको पाइन्छ। जस्तैः संसदीय सुनुवाइ संविधानको धारा २९२ अनुसार अनिवार्य गरिएको छ। नियमावली बनाएर सर्त थप्दै नियम २५ ले ४५ दिनभित्र सुनुवाइ नभएमा नियुक्तिलाई बाधा पर्ने छैन भनेर लेखिएको छ। यो संविधानको प्रावधान विपरीत हो। संविधान विपरीत बनेका अन्य कानुन स्वतः निष्क्रिय भई संविधान नै लागु हुने हो। यसलाई सरकारले वा कार्यपालिकाले बेवास्ता गरी सुनुवाइबिना नियुक्ति गरेको छ। यस्ता धेरै प्रावधान छन्। यसलाई संसद्ले गम्भीरतापूर्वक लिएको पाइँदैन। विधेयक पारित गर्ने कार्यमा पनि संसद्ले धेरै ध्यान दिएको पाइँदैन। विधेयक सरकारले सदनमा पेस गर्छ। त्यो विधेयक पारित भएपछि ऐन बन्छ। यो कानुन सर्वमान्य र शक्तिशाली हुन्छ तर यी कानुन बनाउँदा सांसदले ध्यान दिएको पाइँदैन। सांसदलाई कानुन बनाउनका लागि संसद्ले उपयुक्त वातावरण बनाइदिएको पनि छैन। सांसदलाई विज्ञ उपलब्ध गराउने थिति पनि छैन। उसले अध्ययन गर्ने र छलफल गर्ने कोठा वा अफिस पनि छैन। अध्ययन सामग्रीको व्यवस्था पनि छैन। सरकारले ल्याएको विधेयकमा सांसदले सदनमा हुन्छ र हुन्न भनेर दिएको मत पनि उसलाई ज्ञान नभएको पाइन्छ। कति वटा कानुन बनाइयो यो अधिवेशनमा भन्ने धेरै सांसदलाई जानकारीसम्म हुँदैन। हरेक विधेयकमा सैद्धान्तिक छलफल हुन्छ ? किन विधेयक समितिमा पठाइन्छ ? समितिमा कती कसरी छलफल हुन्छ ? यस विषयमा पनि अति मसिनु अध्ययन गर्न आवश्यक छ। सरकारले दलमार्फत ह्विप जारी गरेर विधेयक पास गर्न लगाइनु नै बेठीक हो। विधेयकमा ह्विप जारी गर्ने कानुन पनि छैन र सिद्धान्त पनि होइन। पूर्ण बैठकमा संसद्ले विधेयक पारित गर्दा पनि प्रस्तावना, नाम, उद्देश्य, समितिको प्रतिवेदन साथै सम्पूर्ण ऐनका दफालाई छलफल गरेर पटक पटक गरी पारित गर्ने गरिन्छ। यति लामो प्रक्रिया करिब पाँच १० मिनेटमा सकिन्छ। यी सबै औपचारिकतामा सीमित छ। समितिको प्रतिवेदन पूर्ण सदनमा पेस भएपछि सो प्रतिवेदन अध्ययन गर्ने समय र त्यसमा छलफल गरेर प्रतिवेदन पेस गर्ने समिति सदस्यबाहेकका वा समितिमा फरक मत राख्ने सांसदबाहेक अरूले मनग्ये छलफल चलाउनुपर्ने हो। सो पटक्कै हुन सकेको देखिँदैन। यसको मुख्य कारण पहिलो त सांसदले नै यस विषयमा रुचि देखाएको पाइँदैन। रुचि नदेखाउनुका कारण पनि छन्। एक सांसदलाई कानुन बनाउने विषयमा अध्ययन तथा सामग्री उपलब्ध नगराउनु हो। अर्को कारण उनीहरू कानुन बनाउने काममा भन्दा जनतामा गएर उनीहरूको विविध समस्या समाधान वा विकास कार्यमा लाग्न मन पराउनु हो। उनीहरू मन्त्री र स्थानीय तहसँग विकासमा प्रतिस्पर्धा गर्ने रहर हो। त्यसका निम्ति सांसदले नीति, कानुन, बजेट, सरकार बनाइदिने हो। यति कुरा न आफूले बुझ्यौ न त जनतामा बुझाउन कोसिस गर्‍यौ।

*–गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

**गाउँपालिका द्वारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

**गाउँपालिका द्वारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सर्केगाड गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

ताँजाकोट गाउँपालिका
हुम्ला

# थारू लोककला जोगाउन कार्यशाला

■ नमस्ते समाचारदाता

धनगढी, फागुन/११



थारू समुदायको लोककला जोगाउनका लागि कार्यशाला सम्पन्न गरिएको छ। ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँको आयोजनामा कैलालीको फकलपुरमा थारू लोककला कार्यशाला गरिएको हो। थारू समुदायको मौलिक पहिचान झल्काउने लोककला पछिल्लो समय हराउँदै गएको छ। विगतमा थारू समुदायको कच्ची घरको भित्तामा माटोको हात्ती, घोडा, मँयुर, डोला-डोली बोकेको मान्छे, रुख लगायतको चित्र हुन्थ्यो। त्यो अहिले देखिँदैन। परम्परागत लोककला हराउँदै गएकाले त्यसलाई जोगाउनका प्रतिष्ठान र स्थानीय जागृति युवा क्लबको आयोजनामा कार्यशाला गरिएको सो गाउँवासी माधव थारूले बताउनुभयो। उहाँले जागृति युवा क्लब र त्यहाँको गाउँ समाजले कच्ची घर पनि बनाउने र भित्तामा चित्र बनाउने अभियान चलाउने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "फकलपुरमा कुनै पनि थारू घर थारू समुदायको घर जस्तो छैन। सबै पक्की भएपछि अब हरेक घरकाले कच्ची घर पनि बनाउने र त्यसमा परम्परागत चित्र बनाउने अभियान चलाइदैं छ।" फकलपुरमा थारू होमस्टे सञ्चलानमा रहेको छ। कार्यशालामा सहभागीले घरको भित्तामा माटोको चित्र बनाउने अभ्यास गरेका थिए।

# पुल निर्माणले लियो गति



■ नमस्ते समाचारदाता

बाजुरा, फागुन/११

पछिल्लो समय मार्तडी-कोल्टी सडकखण्डमा पर्ने बाउली पुल निर्माण कार्यले गति लिएको छ। करिब चार वर्षसम्म अलपत्र अवस्थामा रहेको सो पुलको निर्माणले गति लिएको हो। चार वर्षअघि टिडिआर जुगल कौशिल जेभीसँग डेढ वर्षमा पूरा गर्ने गरेर सम्झौता गरेको थियो। सो निर्माण कम्पनीले पाँच करोड ५८ लाख अठासी हजार २७० रुपैयाँमा पुल निर्माण गर्ने जिम्मा लिएको थियो। जुगल निर्माण कम्पनीका निर्माण व्यवसायी पङ्कज भट्टले मार्तडी-कोल्टी सडकखण्डमा पर्ने बाउली खोलाको पुल अबको छ महिनाभित्र निर्माण पूरा हुने बताउनुभयो। उहाँका अनुसार चार वर्षसम्म निर्माण अलपत्र अवस्थामा रहेको बाउलीखोलाको पक्की पुललाई यो आर्थिक वर्षको असार मसान्तसम्म पूरा गर्ने गरेर काम गरिरहेको बताउनुभयो। स्रोह महिनाभित्र पूरा गरिसक्नुपर्ने आरसिसी पक्की पुल चार वर्ष बितिसक्दा पनि निर्माण कार्य अलपत्र रहेको थियो। पछिल्लो समय जुगल निर्माण कम्पनीले बर्खायाममा खोलाले पुरिदिएको खड्डीमुनिको पानी निकाल्ने काम गरिरहेको छ। निर्माण कार्य अलपत्र हुँदा पुलको खड्डीमुनि बिच्छ्याइएका सरियासमेत खोलाले पुरिदिएको थियो। अहिले सरिया ठाडो पार्ने काम भइरहेको निर्माण व्यवसायी भट्टले बताउनुभयो। अहिले काम गर्ने कामदार आएपछि निर्माण कार्यले तीव्रता पाएको उहाँले बताउनुभयो। गोरखापत्र राष्ट्रिय दैनिकमा पटक पटक आएपछि अलपत्र अवस्थामा रहेको बाउली पुल निर्माण कार्य फेरि सञ्चालन गरिएको छ। पक्की पुलको निर्माण अहिले छिटोछरितो रूपमा भइरहेको जुगल कौशल जेभी कम्पनीले जनाएको छ। मार्तडी-कोल्टी जोड्ने बाउली पुल निर्माण भएपछि यहाँका नागरिकलाई सवारीसाधनमा आउजाउ गर्न सजिलो हुने भएको छ। हिउँदको समय मार्तडी-कोल्टी सडकमा निरन्तर सवारीसाधन चले पनि बर्खायाममा भने बाउलीखोलामा पुल नहुँदा सवारीसाधन चल्न सक्दैनन्। सो पुल निर्माण भएपछि निरन्तर सवारीसाधन चल्ने सहज हुने छ। सो सडकखण्ड निरन्तर सञ्चालन भएपछि बाजुराको पूर्वीउत्तरी क्षेत्रका चार पालिकासहित छिमेकी जिल्ला मुगु, हुम्ला, कालीकोटका नागरिकलाई सहज हुने भएको छ।

# आगलागीका घटना न्यूनीकरण गर्न शुक्लाफाँटामा सचेतना

■ नमस्ते समाचारदाता

कञ्चनपुर, फागुन/११



आगलागीका घटना न्यूनीकरण गर्न शुक्लाफाँटा नगरपालिकाले शनिबार नमूना कृत्रिम अभ्यास गरेको छ। सशस्त्र प्रहरी बल नेपाल ३५ नम्बर गण गर्जमुनीको सहकार्यमा आयोजना गरिएको नमूना कृत्रिम अभ्यासमा खाना पकाउने ग्यासबाट हुने आगलागी, वन डढेलो र घरमा आगाली भए कुन तरिकाबाट नियन्त्रण गर्ने भन्नेबारे समुदायको सहभागितामा नमूना अभ्यास गरिएको हो। "गर्मी बढदै जान थालेपछि आगलागीका घटनामा निकै वृद्धि भइरहेको छ", नगरपालिकाको विपद् शाखाका प्रमुख कृष्ण प्रसाद भट्टले भन्नुभयो, "आगलागीका घटना भएमा कुन तरिकाबाट नियन्त्रण गर्ने, कुन निकायमा खबर गर्ने भन्नेबारे कृत्रिम नमूना अभ्यास गरेर देखाइएको छ।" अगालगीबाट हुने मानवीय, पशु चौपाया, धनसम्पत्ति, महत्वपूर्ण कागजपत्र, काठपात, अन्न, लुगाफाटोलगायतका क्षति न्यूनीकरण गर्न यस कार्यले सघाउ पुर्याउने उहाँले बताउनुभयो। कार्यक्रममा आगलागी हुँदा प्रहरीलाई खबर गर्ने, दमकलका लागि नगरपालिकाको विपद् शाखामा खबर गर्ने, घटनास्थलमा पुगेर सुरक्षा निकाय, स्थानीय समुदायले मिलेर आगलागी नियन्त्रण गर्ने, घाइते भए घटनास्थलमै प्राथमिक उपचार गरी एम्बुलेन्स मार्फत अस्पताल पुर्याउने, प्रहरीले क्षतिको मुचुल्का तयार गर्नेलगायत कार्य नमूना अभ्यास गरेर देखाइएको थियो। खाना पकाउने ग्यास चुहावट भएर आगलागी भए ग्यास सिलिण्डर बन्द कसरी गर्ने भन्नेबारे समुदायलाई नमूना अभ्यास गरेर देखाइएको विपद् शाखा प्रमुख भट्टले बताउनुभयो। उहाँका अनुसार आगलागी हुन नदिनका लागि कस्तो किसिमको सावधानी अपनाउने, आगलागी भइहालेमा आफैं कसरी नियन्त्रण गर्ने प्रयास गर्ने र कुन-कुन निकायमा को-कोसँग सम्पर्क राख्ने, सम्पर्क राख्न कति नम्बरमा फोन गर्ने भन्ने कुरा पनि समुदायलाई जानकारी गराइएको छ। वन क्षेत्रमा प्राकृतिक र मानवीय रूपमा लाग्ने डढेलो लाग्नै नदिनका लागि अपनाउनुपर्ने सावधानीसँगै डढेलो लागिहाले कुन तरिकाले नियन्त्रण गर्ने भन्नेबारे कार्यक्रममा जानकारी दिइएको छ। कार्यक्रममा सहभागी वातावरण मध्यवर्ती सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीले आगलागी नियन्त्रणसम्बन्धी नमूना अभ्यासबाट आगलागी नियन्त्रण गर्न अपनाउनुपर्ने सावधानीबारे जानकारी पाएपछि सचेत बनेको बताउनुभयो। कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी, नगरपालिकाका विपद् शाखका कर्मचारी, सामुदायिक वनका पदाधिकारी र स्थानीय समुदायको सहभागिता थियो।

## ज्ञानज्योति...

गोरखाकी प्रसन्न रेग्मीले ४ विकेट लिदै प्लेयर अफ द म्याच बनिन्। भोलि सेमिफाइनलमा चार वटा विद्यालयहरु खेल्ने छन्। पहिलो खेल बालशिक्षा मावि भैरया र गोरखा युनाइटेड पब्लिक स्कुल बीच हुने संयोजक विनय गिरीले बताए। उनका अनुसार दोस्रो खेल ज्ञानज्योति मावि र लक्ष्मी मावि बीच हुने जानकारी दिए। खेल २० ओभरको रहने उनको भनाइ छ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# निकुञ्ज टोलीद्वारा पाटेबाघको उद्धार

■ नमस्ते समाचारदाता

बाँके, फागुन/११



बाँके राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीले बाँकेको एउटा सामुदायिक वनबाट पाटेबाघको उद्धार गरेको छ। वनजङ्गल क्षेत्रमा लुकेर बस्ने तथा साँझपख मानव वस्तीमा छिरेर स्थानीयले पालेका घरपालुवा जनावरमाथि आक्रमण गरी क्षति गर्न थालेपछि जिल्लाको राप्तीसोनारी गाउँपालिका -८ बालापुरस्थित एक सामुदायिक वनबाट निकुञ्जको टोलीले गएराति बाघलाई नियन्त्रणमा लिएर उद्धार गरेको हो। 'स्थानीयको आग्रहपछि गएराति अन्दाजी साढे ८ बजेको समयमा राप्तीसोनारी गाउँपालिका ८ बालापुरस्थित सामुदायिक वनबाट हाम्रो प्राविधिक टोलीले अन्दाजी तीन वर्ष उमेर पुगेको पोथीबाघ (बघिनी) लाई नियन्त्रणमा लिएर उद्धार गरेका छौं।' बाँके राष्ट्रिय निकुञ्जका सूचना अधिकारी संरक्षण अधिकृत मन्दीप पंगेनीले भन्नुभयो। उहाँका अनुसार उक्त बाघले मानवीय क्षति नगरे पनि स्थानीयका गोठमा पसेर बाख्रा, पाडापाडी, बाच्छाबाच्छीमाथि आक्रमण गरेर क्षति गर्दैआएको थियो। स्थानीयले गएराति उक्त बाघलाई बालापुर नजिकको खोल्सामा देखेपछि बाघ समाति दिनका लागि निकुञ्जलाई खबर गरेका थिए। हात्तीसहितको निकुञ्जको प्राविधिक टोलीले बाघलाई नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिइएको बाघलाई उद्धार गरेर निकुञ्जको खैरीखोलास्थित खैरीपोष्टको खोरमा राखिएको सूचना अधिकारी पंगेनीले जानकारी दिनुभयो। 'हात्तीसहितको प्राविधिक टोली परिचालन गरेर बाघलाई उद्धार गरेका छौं, उद्धार गरेको बाघलाई खैरीपोष्टमा रहेको खोरमा राखेका छौं' पंगेनीले भन्नुभयो, 'केही दिन अब्जर्भेसनमा राख्छौं, तत्काल छाड्दैनौं।' बाँके राष्ट्रिय निकुञ्जनजिक रहेका विभिन्न सामुदायिक वन क्षेत्रका मानवबस्तीमा पाटेबाघले घर पालुवा जनावरलाई क्षति गर्दैआएको थियो।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# जोखिमयुक्त काठेपुलबाट वारपार

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/११



यहाँको सर्केगाड गाउँपालिका-२ को रिपगाउँका स्थानीयले जोखिमयुक्त काठेपुलबाट वारपार गर्नु परेको छ। सरोकारवाला पक्षले झोलुङ्गे पुलको निर्माण गर्न माग गरेको भए पनि कुनै सुनुवाइ नभएपछि रिपगाउँका स्थानीयले जनश्रमदानबाट उक्त काठेपुल निर्माण गरेका थिए। पुलको घेरबार नहुँदा झारपातले घेरबार गर्नु परेको छ। रिपगाउँका स्थानीय दलजित कार्कीले बाध्यतावश स्थानीय मिलेर काठेपुलको दुवैतिर झारपारले घेरबार गरेर काठेपुल निर्माण गरी वारपार गर्दै आउनु परेको बताउनुभयो। काठेपुल रिपगाउँका २५० घरधुरीले दुई दिन लगाएर जनश्रमदान बाट निर्माण गरेका थिए। कर्णाली पारि कर्णाली कोरिडोर को सडक छ। रिपगाउँवासीलाई सदरमुकाम सिमकोट र गाउँपालिका केन्द्र वा जिल्ला बाहिर जानका लागि गिउसी र छारेको झोलुङ्गे पुल तर्न टाढा भएका कारण कर्णाली नदी किनारको खडिखेतमा उक्त पुल निर्माण गरिएको हो। एक हप्ताअगाडि मात्रै उक्त काठेपुल बनाएर वारपार गर्न सुरु गरिएको छ। यसअघि सो स्थानमा तुइन थियो। कर्णालीमा आउजाउ गर्न समस्या भएपछि गाउँकै सल्लाहमा सो काठेपुल निर्माण गरिएको उहाँले बताउनुभयो। खडिखेतमा होटेल व्यवसायी, विद्यार्थीले त्यो पुल प्रयोग गर्ने गरेका छन्। उहाँले नदी ठुलो भएका कारण काठेपुलको दुवैतिर झारपातले जोखिम घटाउन घेरबार गरिएको जनाउनुभयो। बाटो छोटो भए पनि पैदल यात्रुलाई झारपातले घेरबार गरिएको उक्त पुल तर्न जोखिम रहेको उहाँको भनाइ छ। स्थानीय अज महताराले काठेपुल हटाएर उक्त स्थानमा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक रहेको बताउनुभयो। यो पुल रिपगाउँवासीका साथै वडा नं. ३ को उनापानी गाउँवासीले पनि प्रयोग गर्दै आएका छन्।

# एघार विद्यालय भवन शिलान्यास

■ नमस्ते समचारदाता

जाजरकोट, फागुन/११



भूकम्प प्रभावित क्षेत्र जाजरकोटमा ११ वटा विद्यालय भवन निर्माण थालिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वय, जापान सरकार, तत्कालीन पुननिर्माण परियोजना (जाइका) को सहयोगमा भेरी नगरपालिका र नलगाड नगरापालिकाका भूकम्पले जीर्ण विद्यालय भवन निर्माण गर्न थालिएको हो। गत वर्ष कात्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पले विद्यालय भवनमा क्षति पुऱ्याएपछि बर्सातको पानी र हिउँदको चिसोमा खुला आकाशमुनि बस्दै आएका बालबालिकाले भौतिक संरचनाको अभावमा गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित हुने भएपछि भूकम्प प्रतिरोधी भवन निर्माण गर्न थालिएको छ। भूकम्प प्रभावित भेरी नगरपालिका तथा नलगाड नगरपालिकामा जनधनको ठुलो क्षति पुगेको थियो। दुई वटा स्थानीय तहका ११ वटा विद्यालयको भौतिक संरचना निर्माणका लागि ३७ करोडभन्दा बढी बजेटमा सुविधासम्पन्न गुणस्तरीय भवन निर्माण हुने तत्कालीन पुनर्निर्माण परियोजना (जाइका) नेपालका इन्जिनियर विनोद केसीले बताउनुभयो। भेरी नगरपालिका-१३ स्थित भगवती माध्यमिक विद्यालयमा जापान सरकारको सहयोगमा नौ कोठे भवनसहित शौचालय, फर्निचर निर्माणका लागि तीन करोड १२ लाख ८९ हजार रुपियाँमा निर्माण व्यवसायीले २०८३ साउन ४ गते निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरिएको छ। निर्माण गर्न थालेका नौकोठे विद्यालयको शिलान्याससमेत गरिएको छ। भेरी नगरपालिका र नलगाड नगरपालिकाका १२ कोठे, नौकोठे, छकोठे र चारकोठे बालमैत्री, लैङ्गिकमैत्री भवन निर्माण हुने छ। नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहयकार्यमा जापान सरकारको आर्थिक सहयोगमा तत्कालीन पुनर्निर्माण परियोजना (जाइका) का नेपाल निर्देशक मास्तुकी बिज्जुकीले शिलान्यास गर्नुभएको छ। भूकम्पका कारण जीर्ण भवनमा बालबालिकाको पठनपाठनमा समस्या भएपछि भवन निर्माणमा सहयोग गरिएको उहाँले बताउनुभयो। विद्यालय भवन १८ महिना भित्र सम्पन्न हुने छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव जीवन भण्डारीले भवन अभावका कारण शिक्षाको गुणस्तर कमजोर भएको उल्लेख गर्दै बालबालिकालाई गुणस्तरीय शिक्षा दिन निर्माण गर्न थालिएको भवनबाट आर्थिक अवस्था कमजोर भएका बालबालिकाले गुणस्तरीय शिक्षा पाउने बताउनुभयो। भूकम्पप्रतिरोधी भवन आगामी दिनमा हुन सक्ने विपत् तथा आपत्कालीन समयमा सर्वसाधारणका लागि आवासका रूपमा प्रयोग हुने उहाँको भनाइ छ।

# चौध जना मानव अधिकार रक्षक पीडित




■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/११

कर्णाली प्रदेशमा १४ जना मानव अधिकार रक्षक पीडित भएका छन्। पीडितका लागि बोलिदिने, बहस पैरवी गरेर उनीहरूलाई न्याय दिने मानव अधिकार रक्षक नै पीडित हुन थालेपछि उनीहरूको सुरक्षा जोखिम बढेको छ। इन्सेक कर्णाली प्रदेशका अनुसार सन् २०२४ मा देशभर १७४ जना मानव अधिकार रक्षक पीडित भएकोमध्ये त्यसमा कर्णालीमा १४ जना रहेका छन्। मानव अधिकार रक्षकको अवस्था बुझ्न सुर्खेत आएको राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय टोलीसँगको छलफलका क्रममा इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले कर्णालीका मानव अधिकार रक्षकको सुरक्षा चुनौती बढेको जानकारी दिनुभयो। उहाँले कर्णालीका १४ जनामध्ये पाँच महिला र नौ जना पुरुष रहेका छन्। यसमा पनि धेरै जसो पत्रकार छन्। संयोजक सुवेदीले पीडितलाई न्यायका लागि पहल गर्दा, सत्य कुरा बाहिर ल्याउँदा मानव अधिकार रक्षकलाई सुरक्षा चुनौती रहेको बताउनुभयो। उहाँका अनुसार मानव अधिकार रक्षकले त्रासमा काम गर्नु परिरहेको छ। महिला, बालिबालिका, दलित, यौनिक तथा अल्पसंख्यक समुदायको पक्षमा काम गर्दा बढी सुरक्षा चुनौती छ। यस्तै मानव अधिकार रक्षक सञ्जालका प्रदेश संयोजक एवं नागरिक अगुवा पीताम्बर ढकालले मानव अधिकार रक्षकलाई क्रियाशील बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले पछिल्लो समय कर्णाली प्रदेशमा मानव अधिकार रक्षकको पक्षमा प्रदेश सरकारले विधेयक तयार गरिरहेको र त्यसका लागि नागरिक समाजलगायत मानव अधिकार कर्मीले बहस र पैरवी गरिरहेको उल्लेख गर्नुभयो। गैरसरकारी संस्था महासङ्घका अध्यक्ष प्रकाश सारूले मानव अधिकार रक्षकलाई जोखिम बढेको भन्दै त्यसका लागि सामूहिक आवाजको खाँचो रहेको बताउनुभयो। राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयका अधिकृत दीपेन्द्रबहादुर सिंहले मानव अधिकार रक्षकको पक्षमा बनाउन लागिएको कानुन कार्यान्वयनमा आउने गरी बनाउन सुझाव दिनुभयो। उहाँले मानव अधिकार रक्षक कोष स्थापना गर्न सकिए सहज हुने, उनीहरूलाई दिइने परिचयपत्रको दुरुपयोग हुनबाट बचाउनुपर्ने बताउनुभयो। उहाँले आयोगले अग्रपङ्क्तिमा खटिने मानव अधिकार रक्षकको अवस्था बुझ्नका लागि प्रदेशस्तरमा सुझाव सङ्कलन गरिरहेको जानकारी समेत दिनुभयो। आयोग सुर्खेतका प्रमुख रमेश कुमार थापाले कर्णाली प्रदेशमा मानव अधिकार रक्षकको पक्षमा सामूहिक रूपमा काम गरिरहेको बताउँदै कुनै समस्या आए तत्काल समाधानको पहल गरिएको बताउनुभयो।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यात्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके